**हिलिहाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पञ्चमी, पाँचथर**

# आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को जेठ मसान्तसम्मका लागी देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्काको बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाबाट तोकीएको दर रेटमा गाउँपालिकाबाट तोकिएको शर्तहरुको अधिनमा रही नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजत प्राप्त गरी नविकरण भएको, मू. अ. करमा दर्ता भएको र आ. ब. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र लिइ अध्यावधिक भएका इच्छुक फर्म/कम्पनी तथा संस्थाबाट प्रथम पटक सूचना प्रकासित भएको मितिले उल्लेखित समय भित्र रित पूर्वक सिलबन्दी दरभाउपत्रपेश गर्न यो सुचना प्रकाशित गरिएको छ। यस समबन्धी बिस्तृत जानकारीको लागियस गाउँपालिकाको सूचना पाटिमा टाँस गरिएको सूचना र website: www.hilihangmun.gov.npमा हेर्न वा ९८५२६८४२९२ मा सम्पर्क गर्न सकिने छ।

| सि.नं. | ठेक्का नं. | ठेक्का बिबरण | संकलन/उत्खनन् गर्नुपर्ने अधिकतम परिमाण (घ.मी.) | जम्मा परिमाण ( घ.फि.) | संकलन तथा बिक्री दर ( मु.अ.क. बाहेक ) | जम्मा न्युनतम अंक रु. | धरौटी रकम | सिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| 1 | HRM/SQ/Rev /01/078/079 | हेवाखोलाडुम्रेफेदी | ३३०.०० | २२९६७२.८० | ४.७५ | १०९०९४५.८० | कबोल अंकको कम्तीमा ५% ( पाँच प्रतिशत) | १०००/- |
| | | हेवाखोला खैरेनी | ५९४.०० | | | | | |
| | | हेवाखोला भुत्ते | ३२८.०० | | | | | |
| | | हेवाखोला थाम्देन वगर | १३४४.०० | | | | | |
| | | तमोरखोला पिनासी बगर | ७७०.०० | | | | | |
| | | तमोरखोला त्रिवेणी पुल | १०३८.०० | | | | | |
| | | तमोरखोला लिम्बुनी पुल | ६०४.०० | | | | | |
| | | काबेली सिरुपा बगर | १०७५.०० | | | | | |
| | | काबेली मालबाँसे बगर | ४२७.०० | | | | | |

१. उपरोक्त ठेक्काको लागी सुचना प्रकाशित भएको १५ औँ दिन सम्म यस कार्यालयबाटप्राप्त गरी सम्पूर्ण प्रकृया पुरा गरी १५ औँ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। १५ औँ दिन सम्म प्राप्त सिलबन्दी दरभाउपत्रहरु सोही दिन २: ०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि कार्यालय प्रतिनिधीको रोहबरमा टेन्डर खोल्न बाधा हुने छैन ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनी व्यवसायीले ब्यबसायिक प्रमाणपत्र कम्तिमा 'घ' बर्ग, स्थायी लेखा नम्बर (पान), मु.अ.क. प्रमाणपत्रको प्रतिलिपी, सिलबन्दी दरभाउपत्र बापतको दस्तुर तिरेको प्रमाण, पाँच प्रतिशत (५%) धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोप्राइटर वा आधिकारिक प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा अनिबार्य रुपमा संलग्न राखी पेश गर्नु पर्नेछ।

३. ठेक्का अबधी २०७९ सालको जेठ मसान्त सम्म रहनेछ। ठेक्का अबधीमा बन्द हड्ताल आदीका कारण केही दिन काम सुचारु नभएको अबस्थामा कुनै किसिमको क्षतिपूर्ती दाबी गर्न पाइने छैन। IEE प्रतिबेदनले निषेध गरेको अबधीमा नदी क्षेत्रबाट सामाग्री उत्खनन गर्न पाइने छैन।

४. माथी उल्लेखित सबै ठेक्काहरु कबोल अंकको थप मूल्य अभिबृद्दी कर ( १३ प्रतिशत ) र अग्रिम आय कर ( १.५ प्रतिशत ) राजस्व ठेक्का लिने फर्मले आन्तरिक राजस्व कार्यालयमा बुझाइ सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ।

५. धरौटी बापतको कबोल गरेको ५ प्रतिसत रकम सिभिल बैंकमा यस गाउँपालिकाकोः हिलिहाङ ग - ३ धरौटि खर्च खाता, खाता नः ०६४१०१७८११६०३२ मा नगद दाखिला गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ। सो धरौटी बापतको रकम यसै सूचना बमोजिम हुनेछ। धरौटी बापत जम्मा भएको रकमलाइ किस्तामा समाबेस गर्न पाइने छैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसकेपछी प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम सिभिल बैंकमा यस गाउँपालिकाकोः हिलिहाङ गा. पा. ग-१-१ आन्तरिक राजश्व खाता, खाता नं. ०६४१०१७८११६०४८ मा वा यस कार्यालयको राजस्व खातामा दाखिला गरेको भौचर संलग्न गर्नु पर्नेछ।

७. कारण जनाइ वा नजनाइ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९. ठेक्कामा कुनै बिबाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

१०. सिलबन्दी दरभाउपत्रमा कबोल रकम अंक र अक्षर दुबैमा खुलाउन पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।

११. नदिजन्य पदार्थ निकासी गर्ने बाटो मर्मत ठेकेदार आफैले गर्नुपर्नेछ र खर्च दाबी गर्न पाइने छैन । पुलको दायाँ बायाँ ५०० मि. सम्म र खोलाको दायाँ बायाँ रहेको कुलो नहर तटबन्धको ५० मि. सम्म उत्खनन गर्न पाइने छैन ।

बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

१२. सूचनामा उल्लेखित GPS Point हरु निर्धारण भएकोमा सो भित्रको उपखण्ड कायम हुँदा वा कानुन बमोजिम निषेधित क्षेत्र भित्र GPS Points फरक हुने बिषयको जानकारी र सो सम्बन्धी कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१३. सिलबन्दी दरभाउपत्र साथ रहने जानकारी तथा सूचनाहरु शर्त सरह मान्य हुनेछन ।

१४. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन र गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

१५. अन्य थप जानकारीको लागी कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत